बैठक नं. ८९

आज मिति २०८२ श्रावण २० गते, मंगलबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

विषयहरु :

१. २०८२ सालको गुन्हीपुन्ही सापारु (गाईजात्रा) मा प्रदर्शन हुने परम्परागत र आधुनिक सांस्कृतिक विधाको पुरस्कार निर्धारण सम्बन्धमा ।

२. आशाकाजी कपाली र गंगादेवी कपाली समेतको निवेदन सम्बन्धमा ।

३. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

४. विविध ।

निर्णयहरु :-

१. २०८२ सालको गुन्हीपुन्ही सापारु पर्वमा प्रस्तुत गरिने घिन्ताङ्घिसी तथा परम्परागत एवम् आधुनिक विधाका साँस्कृतिक प्रस्तुतीहरुको मूल्यांकन गरी उत्कृष्ट समूह र कलाकारहरुलाई कर बाहेक देहाय बमोजिम नगद पुरस्कार प्रदान गरिने र सो सम्बन्धी सूचना प्रकाशित गर्ने निर्णय गरियो :

<table>
<tr><th rowspan="2">साँस्कृतिक विधा</th><th colspan="4">नगर पुरस्कार</th></tr>
<tr><th>प्रथम</th><th>द्वितीय</th><th>तृतीय</th><th>सान्त्वना / सहभागी</th></tr>
<tr><td>देवी प्याखं</td><td rowspan="2">४०,०००।-</td><td rowspan="2">३५,०००।-</td><td rowspan="2">३०,०००।-</td><td rowspan="2">२०,०००।-</td></tr>
<tr><td>भैल प्याखं</td></tr>
<tr><td>माक प्याखं</td><td rowspan="4">२३,०००।-</td><td rowspan="4">१७,०००।-</td><td rowspan="4">१३,०००।-</td><td rowspan="4">९,०००।-</td></tr>
<tr><td>गाईचा प्याखं</td></tr>
<tr><td>लुसी प्याखं</td></tr>
<tr><td>फाकंदली प्याखं/हुला प्याखं</td></tr>
<tr><td>नागाचा प्याखं</td><td rowspan="6">१७,०००।-</td><td rowspan="6">१४,०००।-</td><td rowspan="6">१०,०००।-</td><td rowspan="6">७,०००।-</td></tr>
<tr><td>लाखे प्याखं</td></tr>
<tr><td>मथु प्याखं</td></tr>
<tr><td>कलाली प्याखं</td></tr>
<tr><td>भालु प्याखं</td></tr>
<tr><td>जंगली प्याखं</td></tr>
<tr><td>नाटक/गीति नाटक</td><td rowspan="2">२२,०००।-</td><td rowspan="2">१७,०००।-</td><td rowspan="2">१३,०००।-</td><td rowspan="2">११,०००।-</td></tr>
<tr><td>ख्याल</td></tr>
<tr><td>खिचा प्याखं</td><td rowspan="3">१३,०००।-</td><td rowspan="3">११,०००।-</td><td rowspan="3">९,०००।-</td><td rowspan="3">६,०००।-</td></tr>
<tr><td>ख्या प्याखं</td></tr>
<tr><td>कवांचा प्याखं</td></tr>
<tr><td colspan="5">विशेष पुरस्कार (एउटै मात्र प्रदर्शन भएमा (द्वितीय पुरस्कार सरह)</td></tr>
<tr><td>घिन्ताङ्घिसी</td><td>२२,०००।-</td><td>१७,०००।-</td><td>१२,०००।-</td><td>१०,०००।-<br>दुई वटा<br>सान्त्वना</td></tr>
<tr><td>झ्याउरे प्याखं/सायं सामिचा/ध्या चु प्याखं</td><td>११,०००।-</td><td>९,०००।-</td><td>७,०००।-</td><td></td></tr>
<tr><td>हनुमान प्याखं</td><td rowspan="4">१३,०००।-</td><td rowspan="4">११,०००।-</td><td rowspan="4" colspan="2"></td></tr>
<tr><td>म्हेखा प्याखं</td></tr>
<tr><td>किजापुजा प्याखं</td></tr>
<tr><td>कपाय फेनेगु प्याखं</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| सलां प्याखं<br>ङा प्याखं<br>गरुड प्याखं<br>दैत्य प्याखं<br>झ्या झ्या प्याखं<br>शेर प्याखं/सिंह प्याखं/धुं प्याखँ, पलमान प्याखँ | | | |

| घिंताङघिसी, आधुनिक तथा परम्परागत विधामा उत्कृष्ट कलाकार | |
|---|---|
| महिला उत्कृष्ट कलाकार | ५,०००।- |
| पुरुष उत्कृष्ट कलाकार | ५,०००।- |
| बाल उत्कृष्ट कलाकार | ५,०००।- |
| आधुनिक विधातर्फ उत्कृष्ट निर्देशक | ५,०००।- |
| ऐ. ऐ. उत्कृष्ट लेखक | ५,०००।- |

२) आशकाजी कपाली र गंगादेवी कपाली समेतको नाउँमा भू.सु. तथा मा.पो. कार्यालयमा भ.पु. मा दर्ता कायम भएको भ.पु.जि. साविक भनपा वडा नं. ८ बाट हाल परिपर्तित भ.न.पा. ५ जग्गनाथ, त्रिपुरा सुन्दरीको अरनिको सभा स्थिति कि.नं. ९७५ को क्षे.फ. ०-२-०-२ को जग्गामा बनेको घर भूकम्पबाट क्षति भई घर निर्माणको लागि नक्सा पास प्रक्रियामा जाँदा उक्त कित्ता जग्गा लगायत पुरातात्विक उत्खनन् गर्नुपर्ने भनी जानकारी प्राप्त भएको र पारिवारिक बसोबासका लागि अन्यत्र कुनै किसिमको जग्गा, जमिन तथा घर पनि नभएको हुँदा उक्त घर जग्गाका न्यायोचित मूल्यमा नरम गरम मिलाई अन्यत्र देको-मिवा-इतापाके, तुमचो-दुगुरे आवास योजना वा लिवालीको आवास योजनामध्ये कुनै एक ठाउँमा जग्गा मूल्यांकन गरी सट्टापट्टा गरी लिन पाऊँ भनी निवेदन पेश भएको सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाउन देहाय बमोजिमको अध्ययन समिति गठन गर्ने निर्णय गरियो :

संयोजक : श्री उकेश कवां

सदस्य : श्री रविन्द्र ज्याख्व

सदस्य : श्री योगेन्द्रमान बिजुक्छें

सदस्य : श्री हरिप्रसाद बासुकला

सदस्य : कानून अधिकृत श्री गणेशलाल फोजु

सदस्य : ई श्री राजन सुवाल

३. समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. शिक्षा, स्वास्थ्य, संस्कृति समिति**

मिति ०८२।४।१६ गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियोः

१. भक्तपुर नगरपालिकाबाट प्रकाशित लक्ष्मीनरसिंह मन्दिर पुनः निर्माण २०८२ पुस्तकको सम्पादन गरेका श्री विष्णु गोपाल कुसीलाई सम्पादन गरे वापत पारिश्रमिक रु.१५,०००।- (पन्ध्र हजार) रुपैयां मात्र एकमुष्ट दिने निर्णय गरियो ।

२. स्थानीय पाठ्यक्रम कक्षा १ देखि ८ सम्मको परिमार्जन सहित पुनः प्रकाशित गर्न आवश्यक कोटेशन लिने निर्णय गरियो ।

**ख. गुन्हीपुन्ही सापारु (गाईजात्रा) व्यवस्थापन समिति**

मिति ०८२।४।.१९ गते बसेको गुन्हीपुन्ही सापारु (गाईजात्रा) व्यवस्थापन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ सालको गुन्हिपुन्ही सापारु (मिति २०८२ श्रावण २५ गते) प्रदर्शन गरिने घिन्ताङघिसी र माक प्याखँको मूल्यांकन स्थलमा आवश्यक व्यवस्थापन गर्न सम्बन्धित मूल्यांकन स्थलका वडा सचिवहरुलाई रु. ३०,०००।– पेश्की लिन लगाउने र मिति २०८२ श्रावण २७ देखि ३१ गते कृष्णाष्टमीसम्म प्रर्दशन गरिने परम्परागत एवम् आधुनिक विधाका साँस्कृतिक मूल्यांकन स्थल भोलाछेँ (मुलाछेँ), दत्तात्रय र नासमनामा आवश्यक व्यवस्था गर्न सम्बन्धित वडाका वडा सचिवहरुलाई रु. १,५०,०००।– पेश्की लिन लगाउने र ती मूल्यांकन स्थलहरुमा उद्घोषणको व्यवस्थापन गर्न ख्वप सः लाई जिम्मेवारी दिने र भक्तपुर साउण्ड सिष्टम र वास साउण्ड सिष्टमसँग माइक व्यवस्थापन गराउने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ सालको गुन्हिपुन्ही सापारु (मिति २०८२ श्रावण २५ गते)को दिन सबै वडाका प्रमुख केन्द्रहरुमा तथा कृष्णाष्टमीसम्म (मिति २०८२ श्रावण २७ देखि ३१ गतेसम्म) साँस्कृतिक मूल्यांकन स्थल भोलाछेँ (मुलाछेँ), दत्तात्रय र नासमनामा प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था गर्न ख्वप अस्पताल र सम्बन्धित वडाका वडा नर्सहरुलाई सो मूल्यांकन स्थलमा परिचालन गर्न भक्तपुर नगरपालिका स्वास्थ्य शाखा, ख्वप अस्पताल र सबै वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ सालको गुन्हिपुन्ही सापारुदेखि कृष्णाष्टमीसम्म (मिति २०८२ श्रावण २७ देखि ३१ गतेसम्म) प्रदर्शन गरिने परम्परागत एवम् आधुनिक विधाका साँस्कृतिक मूल्यांकनकर्ताहरुको बैठक निम्न मिति, समय र स्थानमा बोलाउने निर्णय गरियोः–

मितिः २०८२।०४।२२ गते, बिहिबार

समय: दिनको ३:०० बजे
स्थान: भ.न.पा सभाकक्ष

## ग. महिला, बालबालिका तथा समाज कल्याण समिति

मिति २०८२।४।२० गते बसेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो:

१. भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने युवा तथा महिला लक्षित विभिन्न तालिमहरुको कक्षा सञ्चालन गर्न प्रशिक्षक नियुक्ति सम्बन्धमा छलफल हुँदा शैक्षिक योग्यता, कक्षा सञ्चालन अनुभवको आधारमा निम्न अनुसार तल उल्लेखिन अनुसार प्रति महिना पारिश्रमिक दिने गरी करारनामा गर्ने निर्णय गरियो :

| क्र.सं. | प्रशिक्षकको नाम | तालिमको नाम | पारिश्रमिक | समय अवधि |
|---|---|---|---|---|
| १ | धर्मलक्ष्मी लघु | आधारभूत सिलाई | रु.२५,०००।- | ६ महिना |
| २ | मोहनलक्ष्मी कासिछ्वा | आधारभूत सिलाई | रु.२५,०००।- | ६ महिना |
| ३ | तुल्सीमाया धुख्वा | आधारभूत सिलाई | रु.२५,०००।- | ६ महिना |
| १ | कृष्णमाया कवां | एड्भान्स सिलाई | रु.२५,०००।- | ६ महिना |
| २ | कमला शाक्य | एड्भान्स सिलाई | रु.२५,०००।- | ६ महिना |
| ३ | गिता **द्योपाला** | एड्भान्स सिलाई | रु.२५,०००।- | ६ महिना |
| १ | विष्णु श्रेष्ठ | पाक शिक्षा (Level II) | रु.२५,०००।- | ६ महिना |
| २ | सुनिल सुवाल | पाक शिक्षा (Level II) | रु.२५,०००।- | ६ महिना |
| १ | सोमलता वैद्य | हेयर कटिङ्ग | रु.२५,०००।- | ६ महिना |
| २ | श्याम नापित | हेयर कटिङ्ग | रु.२५,०००।- | ६ महिना |

२. यस नगरपालिकाद्वारा सञ्चालन गरिने विभिन्न तालिमहरुको प्रशिक्षणमा सहभागी प्रशिक्षार्थीहरुसँग प्रति व्यक्ति निम्न अनुसार मासिक शुल्क लिने निर्णय गरियो :

क. आधारभूत सिलाई - रु. ३००।-
ख. एड्भान्स सिलाई - रु. ५००।-
ग. पाक शिक्षा - रु. ५००।-
घ. हेयर कटिङ्ग - रु. ५००।-

३. यस नगरपालिकाबाट सञ्चालन गरिने तालिमहरुको सञ्चालन समय निम्न अनुसार गर्ने निर्णय गरियो :

क. आधारभूत सिलाई - विहान १०:००-१२:००
ख. एड्भान्स सिलाई - विहान ७:००-९:००
ग. पाक शिक्षा - विहान ७:००-९:००
घ. हेयर कटिङ्ग - दिउंसो ४:००-६:००

४. यस नगरपालिकाबाट सञ्चालन गरिने विभिन्न तालिमहरुको निरीक्षण, रेखदेख गर्ने जिम्मेवारी दिने र मासिक प्रगति विवरण समितिमा पेश गर्ने गरी श्रीराम कासिछ्वालाई मासिक रु.५,०००।- (अक्षेरुपी रु. पाँच हजार) रकम दिने निर्णय गरियो ।

५. यस नगरपालिकाबाट सञ्चालन गरिने विभिन्न तालिमहरु सञ्चालन गर्नको निम्ति आवश्यक सामग्रीहरु खरिद गर्न श्रीराम कासिछ्वालाई रु.१,००,०००।- पेश्की लिन लगाउने निर्णय गरियो ।

**घ. कृषि समिति**

मिति २०८२।४।२ गते बसेको कृषि समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो:

१. यस नगरपालिकाबाट सञ्चालित पशु सेवा शाखालाई आवश्यक पशुपंछीलाई उपचारको लागि औषधी तथा अन्य सामाग्री खरिद गर्न पशु सेवा प्राविधिक श्री पार्वती योञ्जनलाई रु.१,००,०००।- (अक्षेरुपी एक लाख रुपैयां) पेश्की माग गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगर क्षेत्रका कृषकहरुको धान बालीमा लाग्ने रोग तथा किराहरुको सर्भेको लागि आवश्यक व्यवस्थापन सर्भे सञ्चालन गर्ने निर्णय गरियो साथै उक्त सर्भे सञ्चालन गर्न कृषि प्राविधिक श्री रवि ख्याजुलाई रु.२५,०००।- (पच्चिस हजार रुपैयां) पेश्की माग गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**ङ. बजार अनुगमन समिति**

मिति २०८२।४।२ गते बसेको कृषि समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो:

१. बजार अनुगमनमा सहभागी हुने प्रतिनिधिहरुलाई यस नगरपालिकाको कार्यपालिका बैठक निर्णय अनुसार खाजा खर्च उपलब्ध गराउनको लागि समितिका सदस्य श्री रीता फसिकवालाई रु.१,००,०००।- (अक्षेरुपी एक लाख) पेश्की लिन लगाउने निर्णय गरियो ।

४. **विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

क. भक्तपुर नगरपालिकामा वि.सं. २०६४ असोज मसान्तसम्म अस्थायी/करार सेवामा नियुक्ति पाई अविच्छिन्न कार्यरत रहेका कर्मचारीहरुलाई श्री सर्वोच्च अदालतको आदेश बमोजिम तत्तत् पदमा सीमित प्रतियोगिताको माध्यमबाट स्थायी गर्न कानूनी व्यवस्थाको प्रबन्ध गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी र भक्तपुर नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ५ बमोजिम भक्तपुर नगरपालिका अस्थायी, करारका कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

ख. गुठी संस्थानको पूर्ण स्वामित्व रहेको क्वाछें भगवती भजन गुठी अन्तर्गत गुठी तैनाथीमा दर्ता श्रेस्ता कायम रहेको साविक भ.न.पा. वडा नं. ११, हाल ५ कि.नं. १३२, क्षे.फ. ६-२-१-० जग्गा मध्ये ५ नं. वडा नं भवन क्षेत्रदेखि कुमारी मन्दिर क्षेत्र जाने द्वारसम्म १०५४५ वर्गफिट (ज.रो १-१४-३-१) जग्गा नगरपालिकालाई उपलब्ध गराउन आवश्यक व्यवस्थाको लागि भनी लेखी आएको च.नं. ११९८, मिति २०७८।१०।२३ गतेको पत्र सम्बन्धमा गुठी संस्थानको गुठी तैनाथी जग्गा श्री नेपाल सरकार र संघ संस्थालाई दिने नीतिको दफा २ को (ख) मा गुठी तैनाथी जग्गा लिन चाहने निकायले रजिष्ट्रेशन प्रयोजनका निमित्त मालपोत कार्यालयले तोकेको न्यूनत्तम मूल्यमा शतप्रतिशत थप गर्दा हुन आउने रकममा नघटाई रकम बुझाउन मन्जुरी गरेको हुनुपर्ने भनी लेखी आएको सम्बन्धमा सम्बन्धित वडा कार्यालयबाट उक्त जग्गा प्राप्तिको लागि प्रक्रिया अगाडि बढाई दिनु भनी च.नं. ६७, मिति २०८२।४।३ मा पत्राचार भएको सम्बन्धमा उक्त जग्गा प्राप्तिको लागि गुठी संस्थानबाट लेखी आए बमोजिम रजिष्ट्रेशन प्रयोजनका निमित्त मालपोत कार्यालयले तोकेको न्यूनत्तम मूल्यमा शतप्रतिशत थप गर्दा हुन आउने रकममा नघटाई रकम बुझाउन सहमति गर्ने र सो सम्बन्धमा गुठी संस्थान कार्यालयलाई लेखी पठाउने निर्णय गरियो ।

ग. भ.न.पा. वडा नं. १०, क्वाठण्डौस्थित ब्रम्हचारिणी आधारभूत विद्यालयको भवन निर्माणको लागि आ.व. २०८२/०८३ को बजेटमा बागमती प्रदेश सरकारबाट बजेटको व्यवस्था भएको हुँदा उक्त विद्यालय भवन निर्माणको लागि लागत इष्टिमेट डिजाइन ड्इङ्ग समेत बागमती प्रदेश सरकारको सामाजिक विकास कार्यालय, ललितपुरबाट माग भएको हुंदा उक्त विद्यालयको भवन निर्माणको लागि १० नं. वडा भुतिपाखास्थित कि.नं. २४० क्षे.फ. ०-१४-०-० को पर्ति जग्गा उपयोगको लागि अनुमति सहित सिफारिस पाऊं भनी सम्बन्धित विद्यालयबाट निवेदन पेश भएको र सम्बन्धित १० नं. वडा कार्यालयबाट सिफारिस समेत भई आएको सम्बन्धमा छलफल हुंदा उक्त १० नं. वडा भुतिपाखास्थित कि.नं. २४० क्षे.फ. ०-१४-०-० को पर्ति जग्गा उक्त विद्यालय भवन निर्माणको लागि उपयोग गर्न अनुमति दिने निर्णय गरियो ।

घ. भ.न.पा. ४ स्थित तारा मा.वि. ले भोगचलन गरी आएको जग्गा कि.नं. ४३, क्षे.फ. ३-०-०-० मध्ये उत्तर पूर्वतर्फ विद्यालय भौतिक पूर्वाधार विकास गर्ने क्रममा नयाँ विद्यालय भवन निर्माणको निम्ति उक्त कित्ता ०-३-०-२ जग्गा भोगाधिकारको लागि सिफारिस पाऊँ भनी निवेदनमा सम्बन्धित वडा कार्यालयबाट लेखिए आए बमोजिम उक्त जग्गा उपयोग गर्न अनुमति दिने निर्णय गरियो ।

ङ. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ५६, मिति २०८२।४।१८ गतेको पत्रबाट लेखी आए अनुसार यस नगरपालिकाको लागि गरिब परिवार पहिचान तथा राज्य सुविधा परिचय पत्र वितरण (पहिलो संशोधन समेत मिलाएको) निर्देशिका, २०७५ को दफा २२(५) तथा गुनासो सुनुवाई मार्गदर्शन, २०७८ मा व्यवस्था भए अनुसारको गुनासो सुनुवाई प्रक्रिया अगाडि बढाउन यस नगरपालिकाको बजेटबाट खर्च हुने गरी यस नगरपालिकाको दुई जना (२) गुनासो अधिकारी नियुक्ति गर्ने निर्णय गरियो :-

१. कम्प्युटर अपरेटर श्री राजन कर्माचार्य

२. कम्प्युटर अपरेटर श्री कदम कुमारी के.सी.

च. यस न.पा.को बा प्र ०१ ००१ भ ६०२२ नं. को गाडीमा फिल्टर र अन्य आवश्यक सामान मर्मत गरे वापत रु. २०,९७५।- सिप्रदी ट्रेडिङ्ग प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

छ. यस न.पा.को बा १ क ९१३४ नं. को गाडीमा टायर पंचर टाले वापत रु.२,७००।- ड्राईभर दिनेश बासीलाई भुक्तानी दिने निर्णय गरियो ।

ज. यस न.पा.को बा १ क ३५५८ नं. को गाडीमा टायर पंचर टाले वापत रु. १,९५०।- ड्राईभर दयाराम गोसाईलाई भुक्तानी दिने निर्णय गरियो ।

झ. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत रु १०,१७०।- सूर्यबिनायक पार्टी भेनुलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. यस न.पा. मा आवश्यक खाजा उपलब्ध गराए वापत जम्मा रु १५,६५०।- भ छें नेवारी खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो ।

ट. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित प्रेश ईकाईमा छपाई कार्य गर्दा खाना खाए वापत रु. १,३५०।- दिनेश बहादुर विकलाई भुक्तानी दिने निर्णय गरियो ।